पाठ
६

# मण्डलीहरू वृद्धि हुन्छन्

मध्ये यूरोपमा भएको एक घना जङ्गल वसन्त र ग्रीष्म ऋतुमा यसको सुन्दरताको निम्ति प्रख्यात छ। गोरेटो, घोडेटो र साइकलको बाटो रूखैरूखले भरिएको यस घना जङ्गलबाट भएर जान्छ, जसका पातहरूले आकाशलाई ढाकेको जस्तै छ र सूर्यको किरण पनि अलिअलि मात्र जङ्गलभित्र पस्छ।

यी रूखहरूको श्रेष्ठताद्वारा हामी अचम्मित भएका छौं। यद्यपि, यदि हामी भोकाएका छौं भने ती रूखहरूको सुन्दरताले हाम्रो आवश्यकतालाई पूरा गर्न सक्दैन। हाम्रो भोकलाई तृप्त पार्ने फलफूलको बगैंचामा हुन हामीलाई मन पर्छ।

भजनसंग्रह १ : ३-ले परमप्रभुको आज्ञा पालन गर्नेहरूलाई खोलाको किनारमा रोपेको र आफ्नो ऋतुमा फल दिने बोटसँग तुलना गरेको छ। ख्रीष्टले मण्डलीलाई यस संसारमा स्थापना गर्नुको उद्देश्य यसको श्रेष्ठतामा रमाउन मात्र होइन तर आवश्यकताहरू पूरा गर्नको लागि हो। योचाहिँ जरा गाड़िएको, जीवनको पानीको गहिराइमा वृद्धि भएको, हाँगामा लटरम्म फूल फुलेर फल लागेको रूखजस्तो हुनु हो!



**यस पाठमा तपाईंले यी विषयहरूको अध्ययन गर्नुहुनेछ. . .**

जराहरू स्थापित हुन्छन्
हाँगाहरू फैलिन्छन्
फूलहरू फल बन्छन्

**यस पाठले तपाईंलाई यी विषयहरूमा सहायता पुऱ्याउनेछ. . .**

- स्थानीय मण्डलीमा भएको सदस्यताको मूल्य बुझ्न।
- मण्डलीले कसरी आफैलाई समर्थन गर्छ सो बुझ्न।
- आधारभूत मण्डली प्रशासनलाई वर्णन गर्न।

## जराहरू स्थापित हुन्छन्

उद्देश्य १ *मण्डली सदस्यताको निम्ति जिम्मेवारीहरू र मागहरूलाई दिने बयानहरूलाई उल्लेख गर्नुहोस्।*

तिमोथी र मरियम विवाह पश्चातको छोटो यात्राबाट फर्के र मण्डली सदस्यताको निम्ति सञ्चालन गरिएको कक्षामा भाग लिए। दोस्रो कक्षामा मरियमले सोधिन्, "मेरो जीवन परिवर्तन भएको बेलादेखि नै के म यहाँका सदस्य भएकी छैन र?"

तब शिक्षकले यसरी व्याख्या गरिदिए, "जब तपाईंले उद्धार पाउनुभयो, तपाईं ख्रीष्टको शरीरको सदस्य बन्नुभयो। तर तपाईं स्थानीय मण्डलीको सदस्य बन्नु पनि आवश्यक छ। यसले केही योग्यताहरूको पनि माग गर्छ, जस्तै पानीमा बप्तिस्मा लिने र मण्डलीका आधारभूत सिद्धान्तहरू र व्यवहारहरूलाई बुझ्ने।"

"मण्डलीको सदस्यताको वास्तविक उद्देश्यको बारेमा के अलिकति व्याख्या गरिदिनुहुन्छ?" भनी तिमोथीले प्रश्न गरे।

तब शिक्षकले निरन्तर रूपमा भन्दैगए, "योचाहिँ यस्तो हो। स्थानीय मण्डलीका सदस्यहरूचाहिँ जग वा आधारजस्तै हुन्– निर्माण गर्नका लागि स्थिर र बलियो जग। यसले मण्डलीका विभिन्न सेवाहरूलाई सञ्चालन गर्न र समुदायमा बलियोसँग स्थापित हुनका लागि सम्भव तुल्याउँछ।"

### सदस्यहरूले जगको निर्माण गर्छन्

ख्रीष्टको शरीरको सदस्य भइसकेपछि पनि किन स्थानीय मण्डलीको सदस्य हुनुपर्छ र भन्ने कुरामा तपाईंलाई अचम्म लागेको होला।

*साँचो मण्डली* अर्थात् *ख्रीष्टको शरीर* जतातातैका मानिसहरू-बाट निर्माण भएको हुन्छ, जसले क्रूसमा भएको ख्रीष्टको मृत्युद्वारा उद्धार पाएका छन् (कलस्सी १:२०)। यस "आत्मिक अङ्ग"-लाई अदृश्य मण्डली पनि भनिन्छ, र पृथ्वीका मानिसहरूले हेर्न र यससँग सम्बन्ध राख्नका लागि यसको दृश्य रूप पनि प्रकट हुनुपर्छ।

*दृश्य मण्डली* स्थानीय मण्डली निर्माण गर्ने मानिसहरूको समूहबाट बनेको हुन्छ। प्रत्येक मण्डलीले ख्रीष्टलाई शिरको रूपमा र आफूलाई पूरै शरीरको अङ्गको रूपमा स्वीकार गर्नै-पर्छ। प्रत्येक मण्डली आ-आफ्नो खाँचो पूरा गर्ने किसिमले सञ्चालित भएको हुन्छ। मण्डलीलाई चलाउने तरीकाहरू फरक-फरक भएका हुनाले नै विभिन्न सम्प्रदायहरू शुरू भएका हुन्। यद्यपि, यी भिन्नताहरूचाहिँ आ-आफ्ना अभिरुचि वा समूहहरूले आ-आफ्ना समूहको लागि जोड़ दिएका विशेष कुराहरूका कारण हुन सक्छन्। *महत्त्वपूर्ण* कुराचाहिँ यो हो कि यसका शिक्षाहरू पूर्ण रूपमा बाइबल आधारित हुनुपर्छ र यसका सदस्यहरू बलियो जगमा निर्माण भएका हुनुपर्छ, जहाँबाट मण्डली सञ्चालित हुन सक्छ।

मण्डलीचाहिँ *ऐच्छिक संगठन* हो। मण्डलीमा उपस्थित हुनका लागि वा यसलाई सहयोग गर्नका लागि वा यसका क्रिया-कलापहरूमा संलग्न हुनका लागि कसैलाई पनि दबाब दिइँदैन। यसका सदस्यहरूले प्रभुलाई प्रेम गर्छन् र स्वइच्छासाथ उहाँको सेवा गर्छन्।

*सदस्यताको निम्ति आवश्यक योग्यता।* मण्डलीको सदस्य हुनका लागि आवश्यक सामान्य योग्यताहरूलाई तल उल्लेखित बुँदाहरूमा हामीले सुझाव दिएका छौं। प्रत्येक सदस्यले:

. . . येशू ख्रीष्टमा राखिएको भरोसाद्वारा उद्धारको स्पष्ट अनुभव प्राप्त गरेको हुनुपर्छ (रोमी १०:६-१०)।

. . . आधारभूत सिद्धान्तहरू र आफ्नो मण्डलीका चालचलनहरूलाई स्पष्टसँग बुझेको हुनुपर्छ (यूहन्ना १४:२३; प्रेरित २:४२)।

. . . पानीको बप्तिस्मा लिएको हुनुपर्छ (मत्ती २८:१९; प्रेरित २:३८)।

. . . पवित्र आत्माको बप्तिस्मा पाएको वा आत्मामा भरिने साँचो इच्छा राखेको हुनुपर्छ (प्रेरित २:४; एफिसी ५:१८)।

. . . परमेश्वरको वचनमा सिकाइएको नैतिक स्तरलाई पालन गर्नुपर्नेछ १ कोरिन्थी ६:९-१०,१८-२०; हिब्रू १३:४)।

. . . समाजमा आदरयोग्य सदस्य बन्नुपर्नेछ र आफ्नो देशका नियम कानूनहरूको आज्ञा पालन गरी यसका नेताहरूलाई आदर दिनुपर्नेछ (रोमी १३:१-७; १ पत्रुस २:१३-१४)।

*सदस्यताका जिम्मेवारीहरू।* एउटा मण्डलीबाट अर्को मण्डलीमा घरीघरी सर्ने मानिसहरूले कुनै पनि समूहमा स्थिरताको योगदान दिन सक्दैनन्। तर विश्वासयोग्य सदस्यहरूले मण्डलीलाई निरन्तरता र वृद्धि दिइरहन्छन्, र नयाँ सदस्यहरू थपिनका लागि उनीहरूले जगको निर्माण गरेका हुन्छन्। मण्डली सदस्यहरूका जिम्मेवारीहरूका सम्बन्धमा हामी तल उल्लेखित बुँदाहरूलाई सुझाव दिन चाहन्छौं। मण्डली सदस्यहरूलेः

. . . परमेश्वरमा समर्पित र संसारको अगाड़ि खुला र शुद्ध जीवन जिउनुपर्छ (मत्ती ५:१३-१६; १ पत्रुस २:९,१२,१५; २ पत्रुस १:४-८)।

. . . पास्टरलाई आदर गर्नुपर्छ र उनीसँग र मण्डलीका अरू अगुवाहरूसँग मिलेर काम गर्नुपर्छ (१ थेसलोनिकी ५:१२-१३)।

. . . नियमित रूपमा दशांश र भेटीहरू दिएर परमेश्वरको काममा सहभागी हुनुपर्छ (१ कोरिन्थी ९:१२-१४)।

. . . नियमित रूपमा मण्डली सेवा सङ्गति र बाइबल कक्षाहरूमा भाग लिई मण्डलीका अन्य क्रियाकलापहरूमा पनि सहभागी हुनुपर्नेछ (प्रेरित २:४२; हिब्रू १०:२५)।

. . . तिनीहरूका आ-आफ्ना घरहरूमा बाइबल अध्ययन र प्रार्थनाको समयलाई स्थापित गर्नुपर्नेछ। पारिवारिक आराधना भक्तिले कुनै पनि घरमा ठूलो आशिष् ल्याउँछ (व्यवस्था ११:१८-२०)।

. . . अविश्‍वासीहरूसँग सुसमाचार बाँड़ी येशूले तिनीहरूका निम्ति गर्नुभएको कामको विषयमा साक्षी दिनुपर्नेछ (२ कोरिन्थी ५:१८-१९)।

. . . आफ्नो मण्डलीका साधारण सभा (छलफल)-मा सहभागी भई पवित्र आत्माको अगुवाइअनुसार आफ्नो सहयोग र सल्लाह दिनुपर्नेछ।

अझै प्रभावशाली रूपमा प्रभुको सेवा गर्नका लागि मण्डलीको सदस्य हुन तपाईंको निम्ति अति महत्त्वपूर्ण छ। ख्रीष्टको शरीरको प्रकटको रूपमा आफ्नो सेवा पूरा गर्नका लागि तपाईंले स्थानीय समूहलाई सहयोग गर्न सक्नुहुन्छ।

## तपाईंको अभ्यासको निम्ति

**१** प्रत्येक **ठीक** बयानको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।

**क.** प्रत्येक व्यक्ति कुनै न कुनै मण्डलीको सदस्य हुनैपर्छ।

**ख.** मण्डली सदस्यहरूले बाइबलमा सिकाइएको नैतिक स्तरहरूलाई पालन गर्नैपर्छ।

ग. विश्वासयोग्य सदस्यहरूले मण्डलीलाई निरन्तरता र वृद्धि दिइरहन्छन्।

**२** यदि तपाईं कुनै मण्डलीको सदस्य हुनुभयो भने के तपाईं साधारण सभा (छलफल)-मा भाग लिनुपर्ने आवश्यकता देख्नुहुन्छ? तपाईंको उत्तरको निम्ति कारण पनि दिनुहोस्।

.....................................................................

.....................................................................

## दिने कामले मण्डलीलाई जीवित राख्छ

उद्देश्य २ *स्थानीय मण्डली र यसका सेवाहरूलाई समर्थन (सहयोग) गर्नका लागि दिने काम कति धेरै महत्त्वपूर्ण छ सो जान्नुहोस्।*

मण्डलीका धेरै सेवाहरूलाई सहयोगको आवश्यकता पर्छ। विश्वासयोग्य भण्डारेपन, स्थिर र भरोसायोग्य दिने कामले वर्तमान खर्चहरू जुटाउन र भविष्यको वृद्धिको निम्ति योजना बनाउनका लागि मण्डलीलाई सजिलो पर्छ।

शुरूका मण्डलीहरूलाई तिनीहरू शुरू हुँदा सहयोगको आवश्यकता परेको हुन सक्छ, तर तिनीहरू लगातार रूपमा अरूहरूमा भर परेको कुराचाहिँ हामी कहीँ पनि पढ्न पाउँदैनौं। यसको सट्टामा त, माकेडोनियाका मण्डलीहरू *गरीब नै भए तापनि* तिनीहरूले यहूदियामा हतोत्साहित भएका विश्वासीहरूलाई वरदानहरू (भेटीहरू) पठाएका थिए। २ कोरिन्थी ८:१-४ पढ्नुहोस्।

हामीले सिकिसकेका छौं कि हामीले कमाएका कुराहरूबाट प्रभुलाई दशांश (दश भागमा एक भाग), र भेटीहरू दिएर हामी

परमेश्वरलाई आराधना गर्न सक्छौं। दिनै नसक्ने गरी कोही पनि गरीब छैन। कुनै-कुनै क्षेत्रमा वास्तविक रुपियाँको आम्दानी थोरै मात्र हुन सक्छ, तर कुनै पनि व्यक्तिले अरू किसिमले पनि दशांश दिन सक्छ (लेवी २७:३०,३२)।

दक्षिण-पश्चिम चीनकी एक आदिवासी महिलाले आफ्नो जीविकाको निम्ति कुखुरा पाल्ने गर्थिन्। तिनले फूल (अण्डा)-हरूको दशांश दिन सिकिन्– तिनले दशवटा अण्डाबाट एउटा अण्डा छुट्याउन सिकिन् र उनले त्यसलाई मण्डलीमा लाने निर्णय गरिन्।

एक दिन उनी अण्डाहरूले भरिएको बास्केट आफ्नो टाउकोमा बोकी पहाड़को बाटो हुँदै बजारतिर जाने तरखरमा लागिन् र उनले दशांशको रूपमा पाँचवटा अण्डाहरूलाई पनि छुट्ट्याइन्। तब उनले भनिन्, "मेरो टोकरीमा यति धेरै राम्रा-राम्रा अण्डाहरू छन्। ती पाँचवटा अण्डालाई यसरी यहाँ छोड्नु लाजमर्दो कुरा हो। आज म सबै अण्डाहरू लगेर बेच्छु र पछि मण्डलीको दशांशको रूपमा म यसलाई फेरि पुर्ता गर्नेछु।"

तब तिनी जाँदैगर्दा एउटा रूखको जरामा अल्भेर लडिन् र तिनले बोकेका सबै अण्डाहरू फुटे!

ती महिलाले त्यस दिन सिकेको पाठ तिनले अरू विश्वासी-हरूसँग पनि बाँडिन्। "यदि तपाईंले परमेश्वरलाई दिनुभएन भने गुमाउने व्यक्तिचाहिँ तपाईं नै हुनुहुन्छ। त्यो मेरो भूल थियो र हननिया र सफिराको भूल पनि त्यही नै थियो" (प्रेरित ५:१-११)।

कुनै एउटा एशियन देशमा ख्रीष्टियानहरूलाई परमेश्वरको घरमा तीन "पवित्र थोकहरू" ल्याउन सिकाइएको छः पवित्र बाइबल, पवित्र भजनपुस्तक र "पवित्र चामल।" घरपत्नीले

परिवारको निम्ति जब खाना पकाउँछिन्, चामललाई भाँड़ोमा हालेपछि तिनले एक मुट्ठी झिकेर एउटा झोलामा राख्छिन्। तिनले हरेक आइतबार यसलाई मण्डलीमा लैजान्छिन्, र मण्डलीमा राखिएको भाँड़ोमा खन्याउँछिन्। यसलाई "पवित्र चामल" भनिन्छ, किनकि प्रभुका सेवकहरूका निम्ति यो प्रभुलाई दिइएको हो। पूरै समूहले विश्वासयोग्यसाथ यसो गर्दा यसबाट कति धेरै जम्मा हुन सक्छ भन्ने कुरा पनि अचम्मको छ!

तपाईंको समय र खूबी प्रभुलाई दिने तरीकाहरू पनि तपाईंले भेट्टाउन सक्नुहुन्छ। परमेश्वर कसैको पनि ऋणी हुनुहुन्न। उहाँले तपाईंलाई प्रशस्तसँग आशिष् दिनुहुनेछ र उहाँको मण्डली पनि सम्पन्न (आशिषित) हुनेछ।




**तपाईंको अभ्यासको निम्ति**

**३** वाक्यलाई पूरा गर्ने ठीक बयानको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्। मण्डली त्यस बेला बलियोसँग जरा गाड़िएको हुन्छ, जब

**क.** यसका कामको निम्ति उदारचित्तले दिने पाहुनाहरू त्यहाँ हुन्छन्।

**ख.** अरू मण्डलीहरूले यसलाई बलियो सहयोग गर्छन्।
**ग.** मण्डलीको कामलाई सहयोग गर्ने विश्वासयोग्य सदस्यहरू त्यहाँ हुन्छन्।

**४** आफ्नो मण्डलीद्वारा परमेश्वरको कामको निम्ति कुनै पनि विश्वासीले दिन सक्ने तीन कुराहरू के-के हुन्?

......................................................................

......................................................................

**५** प्रत्येक **ठीक** बयानको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।
**क.** मण्डलीको सदस्य हुने र यसलाई सहयोग गर्ने काम स्वइच्छासाथ गरिनुपर्छ।
**ख.** गरीब नै भए तापनि प्रभुलाई दिन सक्ने केही कुरा प्रत्येक व्यक्तिसँग हुन्छ।
**ग.** यदि हामी रुपियाँपैसा दिन्छौं भने, हामीले हाम्रो समय र खूबी दिनुपर्ने आवश्यकता पर्दैन।
**घ.** मण्डली सदस्यताको निम्ति पहिलो मागचाहिँ त्यस व्यक्तिले अरूहरूलाई सहायता गर्ने इच्छा दर्शाउनु हो।

## हाँगाहरू फैलिन्छन्

उद्देश्य ३ *मण्डली संगठन र पवित्र आत्माको काम सम्बन्धी परिभाषाहरू र शब्दहरूलाई जोड़ा मिलाउनुहोस्।*

रूखको स्कन्धबाट हाँगाहरू बढ्छन्। रूखलाई आकार वा रूप दिनका लागि यिनीहरू फैलिन्छन्। रूखजस्तै मण्डलीलाई पनि यसको उद्देश्य पूरा गर्नको लागि आकार (बनावट) र बलको आवश्यकता पर्छः यसको संगठन र सञ्चालनमा आकार र पवित्र आत्माको शक्तिमा बल (सामर्थ्य)।

## संगठनले आकार र एकता दिन्छ

मण्डलीभित्र भएका विभिन्न समूहहरूका बारेमा तपाईंले पाठ ७-मा अध्ययन गरिसक्नुभएको छ। रूखका हाँगाहरूजस्तै तिनीहरूलाई पनि एउटैजस्तो गरी एकैसाथ राखिनु आवश्यक छ। उचित संगठनले स्थिरता मात्र प्रदान गर्ने होइन तर मिलापमा एकैसाथ काम गर्नका लागि समूहलाई सहायता पुऱ्याउँछ। यदि मण्डली स्व-सम्पन्न र स्व-सञ्चालित हुन चाहन्छ भने त्यहाँ अगुवाहरूको पनि आवश्यकता पर्छ। शुरूको मण्डलीको बनावटको बारेमा बाइबलले हामीलाई केही बताएको छ।

मण्डलीहरूमा *डिकनहरू* थिए। प्रेरित ६:१-६-ले उल्लेख गरेको छ कि यरूशलेमको मण्डलीमा सात जना डिकनहरू वा सहयोगीहरूलाई छानिएको थियो। यिनीहरू असल चरित्र भएका र पवित्र आत्माले भरिएका मानिसहरू थिए, जसले मण्डलीका केही जिम्माहरू बोकेर प्रेरितहरूलाई सहयोग गरेका थिए। १ तिमोथी ३:८-१३-लाई पनि हेर्नुहोस्।

मण्डलीमा एल्डर (धर्म-गुरु)-हरू थिए। पावल र बारनाबासले स्थापित गरेका प्रत्येक मण्डलीमा तिनीहरूले एल्डरहरूलाई नियुक्त गरे– जुन व्यक्तिहरूचाहिँ सिकाउन र सेवा गर्न सक्ने थिए (प्रेरित १४:२३)। गोठालाहरूले बथानलाई हेरेझैं, तिनीहरूका वास्तामा पवित्र आत्माले राखिदिनुभएको मण्डलीलाई तिनीहरूले हेरचाहा गरेका थिए (प्रेरित २०:२८; १ तिमोथी ३:१-७)।

यसबाट हामी सिक्छौं कि स्थानीय मण्डली एक जना व्यक्तिको अधीनमा राखिएको थिएन, तर धेरै व्यक्तिहरूको समूहद्वारा यसलाई अगुवाइ दिइएको थियो। यद्यपि, अगुवाहरूको कुनै पनि समूहमा प्रायःजसो एक जना मुख्य हुन्छ। स्थानीय मण्डलीका मुख्य व्यक्तिचाहिँ पास्टर हुन् र एल्डरहरू र

डिकनहरूसँगसँगै उनले स्थानीय मण्डलीमा सेवा गर्छन् र यसलाई अगुवाइ गर्छन्।

### पवित्र आत्माले मण्डलीलाई सामर्थ्य दिनुहुन्छ

रूखको सामर्थ्यचाहिँ रूखमा बग्ने रसबाट आउँछ, जसले यसलाई जीवन दिइरहेको हुन्छ। मण्डलीको आत्मिक सामर्थ्य पवित्र आत्माद्वारा आउँछ, जब उहाँ हरेक भाग र हरेक सदस्यद्वारा भएर बग्नुहुन्छ।

शुरूको मण्डली पवित्र आत्माले भरिएको मण्डली थियो। प्रेरित ४ः३१-३३-ले हामीलाई बताउँछ कि जब यरूशलेममा भएका विश्वासीहरू प्रार्थनाको निम्ति भेला भए, "तिनीहरू सबै जना पवित्र आत्माले भरिए, र तिनीहरूले साहससित परमेश्वरको वचन बोले।" अनि "ती प्रेरितहरूले बड़ो शक्तिसाथ प्रभु येशूका पुनरुत्थानको गवाही दिन्थे, र तिनीहरू सबैमाथि ठूलो अनुग्रह रहेको थियो।"

मण्डलीचाहिँ रूखजस्तै हो। यसमा जीवन रहुन्जेल यो वृद्धि भइ नै रहन्छ, र आज पनि मण्डलीले शक्ति र जीवनका आत्माबाट सामर्थ्य र जीवन प्राप्त गर्दा यो तीब्ररूपमा वृद्धि हुन सक्छ।

### तपाईंको अभ्यासको निम्ति

**६** बायाँपट्टि दिइएको वर्णनसँग दायाँपट्टि दिइएको व्यक्ति वा वस्तुको जोड़ा मिलाउनुहोस्।

.....**क.** मण्डली बनावट प्रदान गर्छ                १) पवित्र आत्मा

.....**ख**. मण्डली सामर्थ्य प्रदान गर्छन् २) डिकनहरू
.....**ग**. मण्डलीभित्रका सहयोगीहरू ३) संगठन
.....**घ**. "बथानको" निम्ति हेरचाहा गर्नेहरू ४) पास्टर
.....**ङ**. स्थानीय मण्डलीलाई अगुवाइ गर्छन् ५) एल्डरहरू

## फूलहरू फल बन्छन्

उद्देश्य ४ *ख्रीष्टियानहरूले फल फलाउन सक्ने दुइ तरीकाहरूलाई उल्लेख गर्नुहोस्।*

फल फलाउने रूखका फूलहरू आनन्द दिनका लागि मात्र फुलेका होइनन्। तिनीहरू फल फलाउनको लागि फुलेका हुन्।

एक दिन येशू फल खोज्दै अञ्जीरको बोटमुनि आइपुग्नुभयो। जब उहाँले त्यहाँ पातहरू मात्र भेट्टाउनुभयो, उहाँले त्यस रूखलाई श्राप दिनुभयो र त्यो मऱ्यो (मत्ती २१:१८-१९)। राम्रो बनावट र योग्य अगुवाहरू भएको, तर प्रभुका निम्ति कुनै मानिसहरूलाई पनि नजित्ने मण्डलीको यसले चित्रण गरेको हुन सक्छ। येशूले भन्नुभयो, "तिमीहरूले धेरै फल फलाएर मेरा चेला हौ भन्ने प्रमाणित गऱ्यौ भने यसैमा मेरा पिताको महिमा हुनेछ" (यूहन्ना १५:८)।

मण्डलीले सबैभन्दा पहिले विश्वासीहरूका जीवनमा फल फलाउनुपर्छ। गलाती ५:२२-२३-मा आत्मिक फलको उल्लेख गरिएको छ,र तीमध्ये सबैभन्दा उत्तमचाहिँ प्रेम हो। यी गुणहरूलाई स्वाभाविक रूपमा प्राप्त गर्नु असम्भव नै छ, त्यसैले हामीलाई पवित्र आत्माको खाँचो छ। दोस्रो कुरा, आत्माहरू जित्ने काममा मण्डली फलदायक भएको प्रभु चाहनुहुन्छ (यूहन्ना १०:२१; मत्ती २८:१६-२०)। यस बारेमा हामी हाम्रो अन्तिम पाठमा अझ धेरै अध्ययन गर्नेछौं।

यस उद्देश्यको निम्ति प्रभुले आफ्नो मण्डली स्थापित गर्नुभयो– उहाँका हुन, उहाँको सेवा गर्न, धेरै फल फलाएर उहाँको महिमा गर्न (प्रकाश ५:६-१३)।



**तपाईंको अभ्यासको निम्ति**

**७** ख्रीष्टियानहरू फलदायक हुन सक्ने दुइ तरीकाहरूलाई तपाईंका आफ्नै शब्दहरूमा उल्लेख गर्नुहोस्।

..............................................................................

..............................................................................

**८** वाक्यलाई पूरा गर्ने ठीक बयानको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्। फल फलाउनुमा हाम्रो मुख्य उद्देश्य

**क.** मण्डली सदस्यताको लागि उत्साह दिन।

**ख.** हामी आफैमा ध्यान केन्द्रित गराउन।

**ग.** मानिसहरूलाई ख्रीष्टियान विश्वासमा चासो जगाउन।।

**घ.** परमेश्वरलाई महिमा दिन।

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

१ **क** बेठीक। मण्डली सदस्यता विश्वासीहरूका निम्ति हो।
**ख** ठीक
**ग** ठीक

५ **क** ठीक
**ख** ठीक
**ग** बेठीक
**घ** बेठीक। पहिलो मागचाहिँ उद्धारको अनुभव हो। अरूहरूलाई सहायता गर्ने इच्छा त्यसपछि आउँछ।

२ तपाईंको उत्तर। सहभागी हुन्छु भन्ने उत्तर म दिनेथिएँ, किनकि शरीरको अङ्गको रूपमा छलफल कार्यक्रममा भाग लिएर मैले मेरो जिम्मेवारीलाई पूरा गर्नुपर्छ।

६ **क** ३) संगठन
**ख** १) पवित्र आत्मा
**ग** २) डिकनहरू
**घ** ५) एल्डरहरू
**ङ** ४) पास्टर

३ ग) मण्डलीको कामलाई सहयोग गर्ने विश्वासयोग्य सदस्यहरू।

७ तपाईंका आफ्नै शब्दहरूः आत्मिक फल फलाएर र आत्माहरू जितेर भनी तपाईंले भन्नुभयो होला।

४ रुपियाँपैसा वा अरू स्वाभाविक श्रोतहरू, समय, खूबी।

८ घ) परमेश्वरलाई महिमा दिन।

## टिप्पणीहरू